धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (MEOC)**
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

मिति :२०७९/१२/३०

**विषय : घटना-विवरण खुलाई पठाईएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहत रहेको स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र (MEOC) को मिति : २०७९|१२|२६ गते बिहान १०:०० देखि मिति २०७९/१२/३० बिहान १० बजे सम्मको दैनिक घटना विवरण निम्नानुसार खुलाई पठाइएको व्यहोरा अनुरोध गरिएको छ।

## घटना विवरण :

१.मिति २०७९ /१२ /२९ गतेका दिन दिउसो ३:३५ बजे धनगढी उप-महानगरपालिका वडा नं.१९ खेदा टोल बस्ने अन्दाजी ४२ वर्षका एकजना यूवाको पानीमा डुबेर मृत्यु भएको खबर प्राप्त भएको छ।
२.मिति २०७९-१२ -२९ गते बिहान ११:४५ मा यस ध.उ.म.न.पा वडा नं.०६ बिजुलिया टोल बस्ने धन बहादुर चौधरीको बाँसघारीमा आगलागी भएको र दमकलद्वारा नियन्त्रण गरिएको खबर प्राप्त भएको छ ।
३ .मिति २०७९-१२-२९ गते दिउसो २:४० मा यस ध.उ.म.न.पा वडा नं.०४ उत्तर बेहेडी सामुदायिक बनमा आगलागी भएको खबर प्राप्त भएको छ।
४ .मिति २०७९-१२-२९ गते राती ८:३० मा यस ध.उ.म.न.पा वडा नं.०६ स्थित मटियारी बस्ने डम्बर बोगटीको कुखुरा फर्ममा आगलागी भई १५०० कुखुरा र फर्म जलेर नष्ट भएको र अन्य मानवीय क्षति नभएको खबर प्राप्त भएको छ।
५ .अन्य कुनै खबर प्राप्त भएको छैन।

.............................................
दिपक भण्डारी
शाखा प्रखुख
वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा

अधिकृत स्तर छैठौं